# ३९ औं वार्डेन सेमिनार तथा २१ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक, २०७९ का
## संकल्प प्रस्तावहरु

१। संरक्षित क्षेत्र व्यवस्थापन रणनीति (२०२२-२०३०) को प्रभावकारी कार्यान्वयनका लागि संरक्षण साझेदारहरु लगायत सम्बन्धित निकायहरुको सहयोग, समन्वय र साझेदारीमा विशेष आयोजना तर्जुमा गरी संरक्षित क्षेत्रलाई जलवायुमैत्री व्यवस्थापन तथा आर्थिक रुपमा आत्मनिर्भर बनाउन पहल गर्ने ।(*सबै*)

२। वन्यजन्तु उद्धार तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन मौजुदा कार्यविधि अद्यावधिक गर्दै प्रजाति विशेष Handling and Rescue Protocol तयारी, उद्धार केन्द्रको निर्माण र संचालनमा स्पष्टता ल्याई प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय, सहकार्य तथा साझेदारीमा वन्यजन्तु उद्धार तथा व्यवस्थापन गर्ने ।(*ईकोलोजी शाखा*)

३। प्राणी उद्यान (चिडियाखाना), उद्धार केन्द्र र वन्यजन्तु अस्पतालहरुको दिगो व्यवस्थापनको लागि प्राधिकरणको स्थापना तथा संचालन गर्ने कानूनी तथा संस्थागत व्यवस्था मिलाउन पहल गर्ने ।(*व्यवस्थापन शाखा*)

४। संरक्षण क्षेत्रहरुको व्यवस्थापकीय परीक्षण गरी प्रभावकारीताको आधारमा उपयुक्त पद्धति अनुसार व्यवस्थापन गर्ने गरी संरक्षण क्षेत्र व्यवस्थापन नियमावली,२०५३, संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली,२०५७ र कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली,२०६४ को समयसापेक्ष संसोधन गर्ने व्यवस्था मिलाउने ।(*व्यवस्थापन शाखा*)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

५। वन्यजन्तु अपराध नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउन नयाँ प्रविधि एवं उपकरण प्रयोग र Joint Operation Cell (JOC) को क्षमता अभिवृद्धि गर्ने साथै संरक्षण कार्यमा खटिएका Frontline Staff को लागि पर्याप्त भौतिक पूर्वाधार, क्षमता अभिवृद्धि र प्रोत्साहनको व्यवस्था गर्ने, र वन सेवाको नेशनल पार्कस तथा वाईल्ड लाईफ समूहलाई अत्यावश्यक सेवामा समावेश गर्न आवश्यक पहल गर्ने । *(प्रशासन शाखा, वन्यजन्तु अपराध नियन्त्रण शाखा र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय)*

६। प्रकृति संरक्षण शिक्षालयलाई थप साधन श्रोत सम्पन्न बनाई सबै संरक्षणकर्मीको लागि आवश्यक संयुक्त तालिम संचालनार्थ आवश्यक जनशक्ति तथा श्रोतसाधनको व्यवस्था गर्न पहल गर्ने । *(योजना शाखा तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय)*

७। नदी कटान तथा बाढीको कारणले निकुञ्ज तथा आरक्षको सिमाना भित्र परेका निजी जग्गाको नियमानुसार पाउनु पर्ने क्षतिपूर्ति बापतको रकम हालको मध्यवर्ती क्षेत्र कार्यक्रमबाट अपर्याप्त रहेकोले थप बजेटको व्यवस्था गर्न आवश्यक पहल गर्ने । *(योजना शाखा)*

८। पहाडी तथा हिमाली संरक्षित क्षेत्रभित्र संचालन हुने होटल तथा पर्यटकीय गतिविधिमा एक रुपता कायम गर्न कार्यविधि बनाई कार्यान्वयन गर्ने । *(व्यवस्थापन शाखा)*

९। यार्सागुम्बा सङ्कलन तथा ओसारपसार कार्यलाई सरलीकृत गर्न यस सम्बन्धी निर्देशिका समयानुकल संशोधन गरी कार्यान्वयनमा ल्याउने। *(व्यवस्थापन शाखा)*

१०। संरक्षित क्षेत्रमा आउने पर्यटकहरुसंग लिईने प्रवेश शुल्क लगायतका शुल्कहरुलाई एकद्वार प्रणाली लागू गर्न पहल गर्ने । प्रवेश अनुमति र अनुगमन प्रणालीलाई प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था मिलाउने। *(संरक्षण शिक्षा तथा योजना शाखा)*

११। संरक्षित क्षेत्रको सिमानामा देखिएको अस्पष्टताको निराकरण गर्न भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग प्रोत्साहन गर्ने । साथै संरक्षित क्षेत्र भित्रको व्यवस्थापनको दृष्टिकोणले महत्वपूर्ण सूचना, तथ्याङ्क तथा गतिविधिको लागि २ कि. मि. × २ कि. मि. को ग्रिडमा आधारित भई व्यवस्थित अभिलेखीकरण कार्यको शुरुवात गर्ने । *(ईकोलोजी तथा सूचना प्रविधि शाखा)*

१२। संरक्षित क्षेत्रमा भौतिक पूर्वाधारहरु निर्माण कार्यलाई वातावरणमैत्री बनाउन संघ/प्रदेश/स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। *(संरक्षण शिक्षा तथा व्यवस्थापन शाखा)*

१३। कार्यस्थलमा हुने सबै प्रकारका विभेद साथै लैङ्गिक तथा यौनिक दुर्व्यवहारमा शून्य सहनशिलता अपनाउने । *(सबै)*

१४। वन्यजन्तुबाट हुने क्षति राहत निर्देशिका, २०६९ लाई समयसापेक्ष संशोधन गरी सबै वन्यजन्तुबाट हुने मानवीय क्षति, सबै प्रकारका पशुधन क्षति तथा संरक्षण कार्यमा खटिने कर्मचारी र नेपाली सेनालाई समेत राहत उपलब्ध गराउने प्रावधान समावेश गर्ने । साथै दीर्घकालीन रुपमा वन्यजन्तुबाट हुने क्षतिको राहत

व्यवस्थापनको लागि मध्यवर्ती क्षेत्रमा सबै किसिमको बीमालाई प्रवर्द्धन गर्ने । *(वन्यजन्तु अपराध नियन्त्रण तथा योजना शाखा)*

१५। मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिलाई थप संस्थागत गर्दै छुट्टै कोषको व्यवस्था गरी सो कोषमा वातावरणीय सेवा लगायतका संरक्षण शुल्क बापतको रकम लिने व्यवस्था मिलाउन पहल गर्ने । *(योजना शाखा तथा व्यवस्थापन शाखा)*

१६। संरक्षित क्षेत्र अनुसन्धान कार्यविधि, २०६७ लाई समयसापेक्ष परिमार्जन गरी जलवायु परिवर्तनको प्रभाव, रोग व्याधी लगायतका विषयहरुलाई समावेश गरी विश्वविद्यालयहरुसंग सहकार्य तथा समन्वय गरी थप अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाउने । *(ईकोलोजी शाखा)*

१७। ढोरपाटन शिकार आरक्षको व्यवस्थापनलाई प्रभावकारी बनाउन छुट्टै नियमावलीको व्यवस्था गर्ने र प्रस्तावित मध्यवर्ती क्षेत्र घोषणा गर्न पहल गर्ने । *(व्यवस्थापन शाखा)*